प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**परीक्षा नियन्त्रण कार्यालय**

सानोठिमी, भक्तपुरको

# डिप्लोमा तथा प्रमाणपत्र तहको बार्षिक कार्यक्रमको परीक्षा आवेदन फाराम भर्ने बारे अत्यन्त जरुरी सूचना

(मिति २०८१।०३।१७ गते प्रकाशित)

यस परिषद्का आंगिक, साझेदारी, सामुदायिक विद्यालय र निजी स्तरमा संचालित शिक्षण संस्थाहरुमा प्रमाणपत्र तह नर्सिङ्ग, सामान्य चिकित्सा, मेडिकल ल्याब टेक्नोलोजी, रेडियोग्राफी, सामान्य चिकित्सा आयुर्वेद, अकुपन्चर, डेण्टल साइन्स (डेण्टल हाइजिन), अप्थाल्मिक साइन्स, मिडवाइफरी, फार्मेसी, फिजियोथेरापी, योग एण्ड नेचुरोपेथी, फरेष्ट्री कार्यक्रमहरुको **प्रथम, दोश्रो र तेश्रो वर्षको नियमित तथा आंशिक** एवं डिप्लोमा तह कृषि (वाली बिज्ञान र पशु विज्ञान) को **प्रथम, दोश्रो र तेश्रो वर्षको आंशिक** परीक्षाहरु भदौ महिनामा संचालन हुने भएकोले परीक्षार्थीहरुले परीक्षा आवेदन फाराम भरी बुझाउनका लागि मिति २०८१ साल श्रावण ०६ गते भित्र नियमित शुल्कमा र २०८१ श्रावण १३ गते भित्र विलम्व शुल्कमा तोकिएको हुंदा सम्वन्धित शिक्षण संस्थाहरुले अनिवार्य रुपमा परीक्षा आवेदन फाराम भराउन हुन यो सूचना प्रकाशित गरिएको छ ।

प्राविधिक शिक्षामा विशेष छात्रबृत्ति कार्यक्रम (दलित, मुस्लिम, लोपोन्मुख जाती अन्तर्गत बार्षिक परीक्षा प्रणालीका अन्तर्गतका सामान्य चिकित्सा, नर्सिङ्ग, फिजियोथेरापी, फार्मेसी, कृषि (वाली बिज्ञान र पशु विज्ञान) र फरेष्ट्री_कार्यक्रमहरुको **प्रथम, दोश्रो र तेश्रो वर्षको नियमित** तथा **आंशिक** परीक्षा समेत सोही समयमा संचालन हुने भएकाले माथि उल्लेखित मिति र समयमा आवेदन फाराम भर्नु भराउनु हुन अनुरोध छ ।

साथै निम्न शर्तहरु पूरा नभएका र तोकिएको समयभित्र आवेदन फाराम नबुझाउने शिक्षण संस्थाका विद्यार्थीहरुलाई परीक्षामा सम्मिलित नगराइने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**शर्तहरु:**

१. **शिक्षालयले शैक्षिक सत्र २०७५/०७६ (ई.सं २०१८) देखि ITMS Online बाट रजिष्ट्रेशन भएका सम्पुर्ण कार्यक्रमका परीक्षार्थीहरुको नियमित/आंशिक परीक्षा आवेदन फाराम ITMS Online बाट शिक्षालयले आफ्नो User बाट Login गरी नियमितका लागि सेतो र आंशिकका लागि पहेंलो A4 साइजको कागजमा प्रिन्ट गरी परीक्षार्थीहरुलाई बितरण गर्नुपर्नेछ ।**

२. बार्षिक परीक्षा प्रणालीको हकमा नियमित तर्फ आंगिक, सामुदायिक र परिषद्सँग साझेदारी गरी संचालित संस्थाहरुको हकमा प्रति विद्यार्थी रु.१,०००। र निजी शिक्षण संस्थाको हकमा बार्षिक परीक्षा प्रणालीको प्रति बिद्यार्थी रु. २,५००। र बिलम्ब शुल्कमा प्रति विद्यार्थी नियमित परीक्षा शुल्कको दोब्बर दस्तुर बुझाउनु पर्नेछ । साथै नियमित शुल्कको समय भित्र Web based online system मा परीक्षार्थीहरुको आवेदन फाराम Entry नगरेमा विलम्व शुल्क समेत लाग्नेछ ।

३. **आंशिक परीक्षार्थीको हकमा एक सैद्धान्तिक वा प्रयोगात्मक विषयको लागि परीक्षा शुल्क रु. ३००।- र प्रत्येक थप सैद्धान्तिक वा प्रयोगात्मक विषयको लागि रु. १५०।- का दरले नियमित शुल्कमा र बिलम्व शुल्क प्रति विद्यार्थी तोकिएको शुल्कको दोब्वर दस्तुर बुझाउनु पर्नेछ ।**

४. सम्वन्धित शिक्षण संस्थाहरुले परीक्षा आवेदन फाराम बुझाउंदा बिषयगत नियमित तथा आंशिक एवं नयां तथा पुरानो पाठयक्रमको छुट्टाछुट्टै फायल खडा गरी शुल्क बुझाएको रसिद संलग्न गरी परिषद्का प्रदेश कार्यालयहरुमा तोकिएको मिति भित्र दर्ता गर्नुपर्नेछ ।

५. सम्वन्धित शिक्षण संस्थाहरुले परीक्षा आवेदन फाराम शुल्क वापतको रकम नियमित शुल्क बुझाउने अन्तिम मिति तथा बिलम्व शुल्क बुझाउने **अन्तिम मितिको भोलिपल्ट** अनिवार्य रुपमा परिषद्को खातामा online बाट वा सम्बन्धित प्रदेश कार्यालयको बैक खातामा रकम जम्मा गरी सक्कल बैंक भौचर ITMS Online मा Upload गर्नुपर्नेछ र **मिति २०८१ श्रावण १५ गते भित्र नियमित तथा विलम्व शुल्कमा भरीएका** परीक्षा आवेदन फाराम एकै साथ सम्बन्धित प्रदेश कार्यालयमा बुझाउनु पर्नेछ ।

६. नियमित तर्फका जेहेन्दार तथा वर्गीकृत छात्रवृत्ति प्राप्त परीक्षार्थीहरुलाई परीक्षा शुल्क लाग्ने छैन ।

७. आंशिक परीक्षार्थीको हकमा शैक्षिक शत्र २०७५/७६ (ई. सं. २०१८) देखि भर्ना भई रजिष्ट्रेशन भएका विद्यार्थीहरुले मात्र परीक्षा आवेदन फाराम भर्न पाउंनेछन् । सम्पुर्ण कार्यक्रमहरुको Online आवेदन फारामहरु Web based online system मा entry गरी कार्यक्रमगत समष्टिगत फाराम क्रमानुसार मिलाई Printed Copy समेत एक प्रति सोही फाइलमा संलग्न गर्नुपर्नेछ ।

८. आंशिक परीक्षार्थीहरुको हकमा आन्तरिक मूल्यांकन परीक्षामा अनुत्तीर्ण (NQ) परीक्षार्थीहरुको मात्र आन्तरिक मूल्यांकनको प्राप्तांक परीक्षा फाराममा तथा Web based online system मा Entry गरी एक प्रति प्रिन्ट गरी सही छाप गरी बुझाउनु पर्नेछ ।

९. नियमित तर्फ बार्षिक/सेमेष्टर परीक्षा प्रणालीका परीक्षार्थीहरुको परीक्षा आवेदन फारामहरु Web based online system मा entry गरी समष्टिगत अनुसार फारामको क्रमअनुसार मिलाई कार्यक्रम अनुसारको Internal Assessment र समष्टिगत फारामको Printed Copy समेत एक प्रति सोहि फाईलमा संलग्न गर्नुपर्नेछ ।

१०. आन्तरिक मूल्यांकन परीक्षामा उत्तीर्ण परीक्षार्थीहरुमात्र अन्तिम परीक्षामा सामेल हुन पाउने छन् । आन्तरिक मूल्यांकन परीक्षामा अनुत्तीर्ण (NQ) परीक्षार्थीहरुले अनुत्तीर्ण विषय उल्लेख गरी परीक्षामा सामेल भएमा निजको सो विषयको परीक्षा स्वतः रद्द हुनेछ ।

११. अन्य शिक्षण संस्थावाट रजिष्ट्रेशन भएका विद्यार्थीहरुको हकमा उक्त संस्थाको नाम परीक्षा आवेदन फाराममा उल्लेख गरी स्थानान्तरण पत्र संलग्न गर्नुपर्नेछ ।

१२. शुल्क बापतको रकम दाखिला परिषद्को खातामा online बाट वा परिषद्का प्रदेश कार्यालयहरुको बैंक खाता बिबरण यस प्रकार रहेको छ ।

(क) प्रा.शि.व्या.ता.परिषद, कोशी प्रदेश कार्यालय, ईटहरी, सुनसरीः रा.बा.बैङ्क, इटहरी शाखा, च.हि.नं. २५५०१००००१२७८००१,

(ख) प्रा.शि.व्या.ता.परिषद, मधेश प्रदेश कार्यालय, जनकपुर, धनुषाः रा.बा.बैङ्क, जनकपुर शाखा, च.हि.नं. १५२०१००००२६३९००१,

(ग) प्रा.शि.व्या.ता.परिषद, बागमती प्रदेश कार्यालय, मकवानपुर, हेटौडाः रा.बा.बैङ्क, हेटौंडा शाखा, च.हि.नं. १३००१००००३६६९००१,

(घ) प्रा.शि.व्या.ता.परिषद, गण्डकी प्रदेश कार्यालय, पोखरा, कास्कीः रा.बा.बैङ्क, पार्दी, पोखरा शाखा, च.हि.नं.३५००१०००००२३४००१,

(ङ) प्रा.शि.व्या.ता.परिषद, लुम्बिनी प्रदेश कार्यालय, बुटवल, रुपन्देहीः रा.बा.बैङ्क, बुटवल शाखा, च.हि.नं. ३३६०१०००००३६१००१,

(च) प्रा.शि.व्या.ता.परिषद, कर्णाली प्रदेश कार्यालय, बिरेन्द्रनगर, सुर्खेतः रा.बा.बैङ्क, सुर्खेत शाखा, च.हि.नं. ४०८०१०००१५५२८००१,

(छ) प्रा.शि.व्या.ता.परिषद, सुदुर पश्चिम प्रदेश कार्यालय, धनगढी, कैलालीः रा.बा.बैङ्क, धनगढी शाखा, च.हि.नं. ४१७०१००००६५०८००१ मा शुल्क जम्मा गरेको सकल भौचर परीक्षा आवेदन फाराम साथ संलग्न गर्नु पर्नेछ । **तोकिएको मिति भित्र शुल्क जम्मा नगरेमा सो को दोव्वर शुल्क तिर्नुपर्नेछ ।**

**नोट:**

१. प्रशिक्षार्थीहरुले सम्वन्धित शिक्षालयमा परीक्षा आवेदन फाराम बुझाउने मिति २०८१।०३।१७ गते देखि मिति २०८१।०४।०६ गते दिनको ३:०० बजे सम्म

२. शिक्षालयले **ITMS** मा **Online Entry** गर्ने नियमित शुल्कको मिति २०८१।०३।२५ गते देखि मिति २०८१।०४।०६ गते सम्म
३. शिक्षालयले परीक्षा आवेदन शुल्क बैंक दाखिला गर्ने नियमित शुल्कको अन्तिम मिति २०८१।०४।०७ गते
४. प्रशिक्षार्थीहरुले सम्वन्धित शिक्षालयमा परीक्षा आवेदन फाराम बिलम्ब शुल्कमा बुझाउने मिति २०८१।०४।०७ देखि मिति २०८१।०४।१३ गते सम्म
५. शिक्षालयले **ITMS** मा **Online Entry** गर्ने बिलम्ब शुल्कको मिति २०८१।०४।०७ गते देखि मिति २०८१।०४।१३ गते सम्म
६. शिक्षालयले बैंक दाखिला गर्ने अन्तिम मिति २०८१।०४।१४ गते सम्म
७. सिम्बल नं एकमुष्ट Generate गर्नुपर्ने भएकाले परीक्षा आवेदन फाराम मिति २०८१।०४।०६ गते भित्र नियमित शुल्कको तथा मिति २०८१।०४।१३ गते भित्रमा बिलम्ब शुल्कको **Web Based Online System** मा शिक्षण संस्थाहरुले **Entry** गरिसक्नुपर्नेछ ।
८. सम्पूर्ण शिक्षण संस्थाहरुले पाठ्क्रमले निर्धारण गरेको पाठ्यभार अनुसार प्रशिक्षण कार्य अनिवार्य रुपमा सम्पन्न गर्नु पर्नेछ ।

**यो सूचना www.ctevtexam.org.np मा पनि उपलब्ध हुनेछ ।**

**परीक्षा नियन्त्रक**